# दलित जनजाति पार्टीको घोषणा-पत्र (२०६४)

सर्वपक्षीय समानता देश विकासको एकमात्र आधार ।
आरक्षण नेपाली दलित तथा जनजातिहरुको नागरिक अधिकार ।
मानवीय सम्मान, शिक्षँ र रोजगार । मानव मर्यादाका लागि मानवअधिकार ।

प्रकाशक
**दलित जनजाति पार्टी**
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

# दलित जनजाति पार्टीको
# घोषणा-पत्र (२०६४)

संविधानसभाको निर्वाचनमा जान दलित जनजाति पार्टीले, मिति २०६४ बैशाख ३ गतेको केन्द्रीय कार्यसमितिको निर्णयअनुसार यो घोषणापत्र जारि गरेको छ ।

१. पार्टी गठन गर्दाको उद्देश्य :

१. संसदीय शासन प्रणाली, बहुदलीय व्यवस्था, नेपाली जनताको भावना, प्रजातन्त्रको मूल्य र मान्यताबमोजिम न्यायपूर्ण तथा छुवाछुत रहित समाजको स्थापना गर्ने ।

२. कानूनी शासनको अवधारणाबमोजिम नेपाली जनताबीच भातृत्व, सद्भाव अभिवृद्धि गरी आर्थिक तथा न्यायपूर्ण समाजको निर्माण गरी समानुपातिक प्रतिष्पर्धात्मक खुला अर्थ व्यवस्थाको माध्यमद्वारा मुलुकको सर्वाङ्गिण विकास गर्ने ।

३. वालिग मताधिकारद्वारा संसद्मा बहुमत सिद्ध गरी, सरकार गठन गरी राष्ट्का विभिन्न क्षेत्रमा बसोबास गरेका सबै नेपाली जातजाती, दलित, जनजाति/आदिवासी, मुसलमान तथा शारीरिक रूपले अपाङ्ग, आर्थिक रूपले पिछडिएको वर्गका जनताको संरक्षण र विकास गर्ने ।

४. राज्यका तीन अंगहरू कार्यपालिका, न्यापालिका र व्यवस्थापिकालाई शक्ति पृथकीकरणको सिद्धान्तबाट संचालन गर्ने ।

५. राज्यका तीन अंग कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकालगायत राजनैतिक, कुटनैतिक, प्रशासनिक, सैनिक तथा प्रहरीलगायत सरकारी र सरकारी अनुदानबाट संचालित संघ-संस्था एवम् धार्मिक/आध्यात्मिक संस्थाहरूमा सबै जातजाती, दलित, जनजाति/आदिवासी, मुसलमान, महिला, मजदूर, किसान र अपाङ्गहरूको समानुपातिक प्रतिनिधित्व गराउने ।

६. यस घोषणा-पत्रको दफा १ (५) मा उल्लेखित निकाय तथा धार्मिक/आध्यात्मिक, सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूमा आर्थिक, सामाजिक दृष्टिकोणबाट पिछडिएका दलित, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएको वर्गका जनतालाई **आरक्षण**को व्यवस्था गरी राष्ट्र निर्माणको मूल प्रवाहमा सामेल गराउने ।

७. विकेन्द्रीकरणको सिद्धान्तलाई प्राथमिकता दिई कार्यान्वयन गराउने ।

८. राष्ट्रिय कलंकको रूपमा रहेको विद्यमान सबै प्रकारका छुवाछुत, भेदभाव, लैंगिक विभेदीकरणलाई उन्मूलन गर्ने ।

९. परम्परागत रूपमा रहेका विभिन्न जातिगत पेशाहरूलाई समयानुकुल आधुनिकीकरण गर्दै लैजाने, राष्ट्रिय स्रोतको माध्यमबाट देशमा उद्योग, कलकारखाना स्थापना गरी रोजगारको व्यवस्था गर्ने ।

१०. सबै वर्गको उत्थान गर्न, उनीहरूको धर्म, भाषा, संस्कृतिको संरक्षण साथै बौद्धिक, शारीरिक, मानसिक विकास गरी राज्यका सबै निकायको नीति-निर्माण तथा निर्णायक तहमा सहभागिता गराउने, भूतपूर्व राष्ट्रसेवक, व्यापारी, व्यवसायी, बुद्धिजिवी, मजदूर, महिला, मुसलमान एवम् दलित र जनजातिहरूको नेतृत्व क्षमताको विकास र सम्बर्द्धनको लागि पार्टी घोषणा-पत्रमा उल्लेख भएअनुरूप उद्देश्यलाई व्यवहारमा लागू गर्ने ।

११. नेपाल अधिराज्यको संविधानद्वारा प्रत्याभूत गरिएको मौलिक हक तथा मानवअधिकार सम्पूर्ण नेपाली नागरिकलाई व्यावहारिक रूपमा संरक्षित गरी लागू गर्ने ।

१२. भ्रष्टाचार, कमिशनतन्त्र राज्यका प्रशासनिक निकायमा भएका ढिलासुस्ती र सबै प्रकारका आर्थिक अनियमितताको अन्त्य गरी सुशासन कायम गर्ने ।

१३. नेपालमा विकराल रूपमा रहेको युवा बेरोजगार, कुलतजस्ता राष्ट्रिय समस्याहरूलाई निराकरण गर्ने, स्वदेशमै रोजगारीको व्यवस्था गरी गरिबी निवारण गर्ने ।

१४. समानुपातिक भूमि वितरण प्रणालीको व्यवस्था गरी भूमिमाथिको असमान स्वामित्वको अन्त्य गर्ने ।

१५. पञ्चशील सह-अस्तित्व, मानवअधिकारको सिद्धान्तबमोजिम वैदेशिक नीति अवलम्बन गर्ने ।

१६. प्राकृतिक वनस्पति, जीवजन्तु, दुर्लभ जनावर, दुर्लभ जडिबुटी संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्ने र प्राथमिक विद्यालय तहदेखि नै वातावरण सन्तुलन कायम राख्ने र प्राथमिक विद्यालय तहदेखि नै वातावरण संरक्षणसम्बन्धी पाठ्य-पुस्तकहरूको व्यवस्था गर्ने ।

१७. स्वदेशी पूँजीपति, उद्योगी, व्यापारी एवम् व्यवसायीहरूलाई स्वदेशमै लगानीको अवसर प्रदान गरी पर्यटन उद्योगलाई प्राथमिकता दिई मुलुकलाई औद्योगिकीकरण गर्दै लैजाने ।

१८. स्वास्थ्य क्षेत्रमा व्यापक सुधार गरी उपचारलाई नि:शुल्क गर्दै लैजाने ।

२. **पार्टीको अवधारणा :**

उपरोक्त उद्देश्य पूर्तिका साथै विभेद रहित, समतामुलक समाजको निर्माण गरी राष्ट्रलाई सुदृढ, समुन्नत र समृद्ध बनाउन राज्यका तर्फबाट निम्न नीति तर्जुमा गरी तत्काल कार्यान्वयन गर्नुपर्ने **दलित जनजाति पार्टी**को अवधारणा रहेको छ । जुन राज्यसमक्ष ज्ञापनपत्रमार्फत् पेश गरी प्रस्तुत गरिसकेको छ ।

(१) निःशर्त समानुपातिक संविधानसभाको निर्वाचन घोषणा गर्नुपर्ने ।

(२) सर्वपक्षीय अन्तरिम सरकारको गठन गर्नुपर्ने ।

(३) जारि अन्तरिम संविधान-२०६३ को संसोधन गरी सर्वपक्षीय बनाउनुपर्ने ।

(४) जनसंख्याको आधारमा जिल्ला र निर्वाचन क्षेत्रको निर्माण गर्नुपर्ने ।

(५) स्वायत्तशासन, आत्म-निर्णयको अधिकार र संघीय शासन प्रणालीको व्यवस्था गर्नुपर्ने ।

(६) जनसंख्याको आधारमा दलित, जनजाति/आदिवासी, पिछडिएको वर्ग, अपाङ्ग, मुसलमान, महिला र अल्पसंख्यकहरुलाई राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक, सरकारी तथा गैर-सरकारी संघ-संस्था, उद्योग, जल, जमिन, जंगललगायत सबै क्षेत्रमा समानुपातिक रुपमा ५२% **आरक्षण**को व्यवस्था गर्नुपर्ने ।

(७) मन्त्रालय, केन्द्रीय कार्यालय, विभाग, प्रयोगशाला, प्रविधिकेन्द्रलगायत राजदूतावासहरु मधेशमा पनि स्थापना गर्नुपर्ने ।

(८) भ्रष्टाचारी तथा राजशाहीहरुको अकूत धन-सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने ।

(९) भूमि र सम्पत्तिमाथिको असमान स्वामित्वको अन्त्य गरी ४ बिघा हदबन्दी लागू गर्नुपर्ने । विपन्न परिवारलाई अनिवार्य रुपमा कम्तीमा ५ कठ्ठा व्यवस्था गर्नुपर्ने ।

(१०) सुकुम्बासीहरुका लागि यथासिघ्र बसोबास र आधिकारिकता प्रदान गर्नुपर्ने ।

(११) दलित हेल्थकार्ड र अनिवार्य शिपमूलक निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने ।

(१२) साधनयुक्त र मजदूर श्रमिकको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समान ज्यालाको ग्यारेन्टी गर्नुपर्ने ।

(१३) धर्म, जातजाति, रंग, लिंग, क्षेत्र, पद, भाषा र जन्मको आधारमा गरिने सबै खालका विभेदको अन्तका लागि कडाभन्दा कडा कानूनको निर्माण गर्नुपर्ने । सबै खालको मानवीय विभेदका विरुद्ध रु. १ लाखसम्म जरिवाना र १० वर्ष जेल सजायको व्यवस्था गर्नुपर्ने ।

(१४) सामाजिक न्याय र मानवअधिकारको संरक्षण गर्नुपर्ने ।

(१५) उद्योग, कृषि र जलश्रोत क्रान्ति गर्नुपर्ने ।

(१६) हालसम्म जनजातिको दर्जामा नपरेका तराईका केवट, धानुक, कुर्मी, अमात, बिन, मलाह, बरही, सोनार, लोहार, कोईरी, गडेरी, हलुवाई, हजाम, माली, कुम्हार, तमोली, कसेरा, कथवनिया, केवरत, सुतिहार, शिल्पी, लहेरी, बरई, बेल्दार, ठठेरा लगायतका जात-जातिहरुलाई **जनजाति** तथा सुडी, तेली, कानु, कलवार समुदायलाई **पिछडा वर्ग** घोषणा गर्नुपर्ने ।

(१७) संविधानसभाको निर्वाचन हुनुअगावै यथार्थ तथ्याङ्क र नागरिकता समस्या हल गर्नुपर्ने ।

(१८) लोकतान्त्रिक गणतन्त्र स्थापना तथा समानुपातिक राज्य व्यवस्थाको घोषणा गर्नुपर्ने ।

(१९) राज्यका कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका लगायतका सम्पूर्ण निकायमा जातिय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने ।

(२०) दलित र कमजोरहरुलाई स्नातक तहसम्म अनिवार्य निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने ।

(२१) दलित, जनजाति तथा मुसलमानका लागि निःशुल्क उपचार, हेल्थकार्ड, दलित एक्ट, दलित मन्त्रालय, दलित न्यायालय, जीवनभत्ता र स्वदेशी तथा विदेशी रोजगारीमा अनिवार्य व्यवस्था गर्नुपर्ने ।

(२२) शहरीया सम्पत्तिमा हदबन्दी लागू गर्नुपर्ने ।

(२३) संविधानसभाअगावै हिजोका मितिसम्म नेपाली भूमिमा जन्मेकालाई सूलभ तरिकाले नागरिकता प्रदान गर्नुपर्ने ।

(२४) बालिका जन्मँदाबित्तिकै रु. १००००/- (दश हजार) बालिका कोशको स्थापना गर्नुपर्ने ।

(२५) दलितहरुका लागि ५० वर्षदेखि वृद्धभत्ताको व्यवस्था हुनुपर्ने ।

(२६) तमाम कमजोर वर्गलाई राशनकार्डको व्यवस्था गर्नुपर्ने ।

(२७) विदेशमा काम गर्ने नेपाली श्रमिक मजदूरहरुका लागि जीवनभत्ता व्यवस्था गर्नुपर्ने ।

(२८) बेरोजगार युवाहरुलाई रोजगारको व्यवस्था वा बेरोजगारीभत्ताको व्यवस्था गर्नुपर्ने ।

(२९) शिक्षाको हकमा दलितहरुका लागि अनिवार्यरुपमा स्वदेश तथा विदेशमा उच्चशिक्षाको नि:शुल्क व्यवस्थाका साथै छात्रवृत्ति र छात्रावासको व्यवस्था हुनुपर्ने ।

(३०) रोजगारीका हकमा दलित, जनजाति र मुसलमानहरुका लागि पहिलो प्राथमिकता हुनुपर्ने ।

(३१) राज्यको क्षेत्र विभाजनअन्तर्गत हालको व्यवस्था कायम रहे वा परिवर्तन भए पनि दलित, जनजाति, आदिवासी र मुसलमानहरुका लागि राज्यको शासन प्रणालीमा प्रतिनिधित्व गराउन जनसंख्याको आधारमा आरक्षित निर्वाचन क्षेत्रको वैधानिक र वैज्ञानिकरुपमा स्पष्टरुपले प्रतिशतको हिसाबले किटान गर्नुपर्ने ।

(३२) राज्यका कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका लगायतका कूटनितिक र सूरक्षा निकायहरुमा राज्य व्यवस्था प्रणालीअन्तर्गत दलितलाई २५%, जनजाति आदिवासीलाई ४०%, मुसलमानहरुलाई ३% आरक्षणको व्यवस्था हुनुपर्ने र महिलाको हकमा बक्रआरक्षण अन्तर्गत ३३% वा ५०%को स्पष्टरुपले कोटा निर्धारित हुनुपर्ने ।

(३३) नेपाली सेनालाई समावेशी र साझा बनाउन मधेश र पहाडमा छुट्टैरुपमा दलित र जनजातिहरुको रेजिमेन्ट अथवा गुल्मको व्यवस्था गर्नुपर्ने ।

**३ : पार्टीको वर्तमान रणनीति :**

पार्टीको उपरोक्त अवधारणाअनुसार राज्यद्वारा नीति निर्माण गरी कार्यान्वयन गराउन पार्टीले निम्न नीति अबलम्बन गरेको छ

(१) सशक्त अहिंसक आन्दोलन गर्दै सडक र संसदीय संघर्षमार्फत् दवाव सिर्जना गरी राज्यलाई कार्यान्वयन गर्न बाध्य तुल्याउने ।

(२) संविधानसभाको निर्वाचनमा भाग लिई उल्लेखनिय उपस्थितिबाट निष्पक्ष, विभेदरहित र सर्वपक्षिय हितकर नयाँ सविधानको निर्माण गर्ने ।

(३) संसदीय निर्वाचनमा बहुमत ल्याई सरकार बनाएर उपरोक्त अवधारणाबमोजिम राज्यको नीति निर्माण गर्ने ।

**४ : पार्टीले गर्ने कामहरु :**

क) पार्टी गठनको उद्देश्यअनुसार कार्य गर्ने ।

ख) भोक, रोग, गरिब, अशिक्षाबाट ग्रसित, पिछडिएका दलित, आदिवासी, जनजाति तथा अपांगहरुको उत्थानसम्बन्धी कार्य गर्ने ।

ग) नागरिकको संविधानप्रदत्त हक-अधिकारहरुको समन्वयात्मक प्रयोजनको लागि जनचेतना वृद्धि गर्ने ।

घ) देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रता कायम राख्ने ।

ङ) राष्ट्रका सम्पूर्ण क्षेत्रका पिछडिएका जनसमुदायहरुलाई संगठित गर्ने ।

च) खुला अर्थनीतिको आधारमा देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने ।

छ) जनताका आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने ।

ज) दलित, पिछडिएका आदिवासी, जनजाति र विभिन्न वर्गहरुको उत्थान गरी भातृत्व कायम गरी एकबद्ध गराउने ।

झ) राष्ट्रमा रहेका विद्यमान प्राकृतिक स्रोत-साधनको समुचित प्रयोग र विकास गर्ने ।

ञ) नेपाल अधिराज्यको संविधान २०४७ को अक्षरस पालना गर्न जोड दिने ।

ट) बेरोजगारी समस्याको अन्त्य गर्न सम्पूर्ण दलित जनजातिका जनशक्तिलाई उचित अवसर प्रदान गरी समानुपातिक रोजगारीको अवस्था सृजना गर्ने ।

ठ) प्राथमिक तह मातृभाषामा पढ्न पाउने व्यवस्था मिलाउने ।

ड) भ्रष्टाचार र दण्डविहिनताको अन्त्य गर्ने, भ्रष्टाचारीलाई सजाय दिलाउने ।

ढ) संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति संचालन हुने र कार्यान्वयनमा समस्या आएमा सोको आधारमा समस्याको शान्तिपूर्ण समाधान खोज्न सक्रिय रहने ।

ण) छुवाछुत तथा जातिय भेदभावविरुद्ध दण्डनीय कानूनको व्यवस्था गर्ने ।

५ : देशका राजनैतिक शक्तिहरुको विश्लेषण :

क) नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक) :

फुटपछि फरक-फरक हुन पुगेका यी दुई पार्टीले प्रजातान्त्रिक समाजवादलाई आफ्नो मार्गदर्शन सिद्धान्त मान्ने पार्टीको रुपमा परिभाषित गर्दछन् । तर पार्टीमा सम्बद्ध नेताहरुमा प्रजातान्त्रिक समाजवादको परिभाषा भने फरक-फरक छ । २०४६ को प्रजातन्त्रको पुनर्स्थापनापछि बहुमत सिद्ध गरी पटक-पटक एकल वा संयुक्त सरकार बनाउनुका साथै समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचनाको नारा दिई जनआन्दोलन-२ मा अहम भूमिका निभाएका यी पार्टीहरु, नैतिकता, गुमाउनुका साथै परिवारवाद, नातावाद, कृपावाद तथा ब्राह्मणवादको संकीर्ण घेराबाट बाहिर आउन सकेका छैनन् । आन्तरिक सत्तासंघर्ष तथा नेतृत्वको विवादले रुमलिएका, पद लोलुपताका साथै पार्टीमा गुट-उपगुट बनाएर सरकारको नेतृत्व गर्ने, मन्त्री हुने, अकुत धन-सम्पत्ति कुम्ल्याउनेपट्टि अभिप्रेरित यी पार्टी तथा पार्टीका नेताहरुको चरित्र र उद्देश्य भएकोले राष्ट्रको सर्वाङ्गिण विकास, दलित, जनजाति, मुसलमान, महिला तथा पिछडिएका वर्गको जीवनस्तरमा विकास एवम् उत्थानबारे सोच्ने फुर्सदसम्म नपाएको स्पष्ट देखिन्छ । केवल बार्गेनिङ गरी सत्ता प्राप्ति र चुनावी नारामा मात्र सीमित हुने यी पार्टीका नेताहरुको जनतासक्ष गरिएका प्रतिबद्धता पूरा नगर्ने नियत नभएको स्पष्ट छ । त्यसैले यी पार्टीका दृष्टिमा दलित, जनजाति, मुसलमान तथा मुलनिवासी पिछडिएको वर्गलाई दोस्रो दर्जाको नागरिक तथा आश्वासनले मात्रै सन्तुष्टि हुने वर्गको रुपमा हेरेको प्रष्ट हुन्छ । अतः यी पार्टीको दलित, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका वर्गहरुको हितप्रति सदाशयता शून्यप्राय छ ।

ख) नेपाल कम्युनिष्ट पार्टी (एमाले) :

मार्क्सवाद र लेनिनवादलाई मार्गदर्शन र सिद्धान्तको रुपमा अवलम्बन गरी गरिब, किसान, पिछडिएका उत्पीडित जनजातिहरुको पार्टी भनी परिभाषा दिई उदारवादिता देखाउने यस पार्टीमा नातावाद, कृपावाद ब्राह्मणवादको हावी छ । नेतृत्व तथा पार्टी सञ्चालन गर्ने विवादका कारण फुट र जुटको खेल खेली जनतालाई रणभूल पार्ने, झूठा आश्वासन दिई झुक्याउने, साथै ठूलो दलका कारण सत्तामा पुग्दा र मिलिजुली सरकारमा समेत सामेल हुँदा निम्न वर्गका जनताहरुको समस्या समाधानप्रति सदाशयताका साथ उत्तरदायी अथवा सरिक नभएको कारणले केवल सत्ता र भत्तालाई मात्रै महत्व दिने यस पार्टीको प्रवृत्ति रहेको स्पष्ट छ । राष्ट्रका सम्पूर्ण दलित, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका वर्गलाई भोट बैंक र सत्तामा पुग्ने भर्‍याङ्गको रुपमा हेर्ने यस पार्टीले भोट बैंक र भर्‍याङ्गलाई जीवन्त रुप दिई हक-अधिकार सम्पन्न गराउन उत्तरदायी नभएको प्रष्ट छ । साथै बाघको छाला ओढेर स्यालको रजाई गर्ने यस पार्टीले जम्बुमन्त्रीको भन्दा बढी भूमिका निर्वाह गर्न नसक्ने र दलित, जनजाति/आदिवासी तथा पिछडिएका वर्गका जनताहरु सचेत, संगठित, सुविधा सम्पन्न तथा शिक्षित भएको खण्डमा परिवारवाद एवं ब्राह्मणवादको अस्तित्वमा समेत खतरा हुने भएकोले पिछडिएका वर्गलाई यथास्थितिमै कायम राख्ने नीति बोकेको यस पार्टीप्रति दलित, जनजाति, मुसलमान तथा पिछडिएका वर्ग लगायत राष्ट्र र राष्ट्रियताप्रति उत्तरदायी जनताहरुले यस पार्टीप्रति विश्वास गर्न नसकेको अवस्था स्पष्ट छ । राज्यको पुनर्संरचना, समावेशी राज्यव्यवस्था र लोकतान्त्रिक गणतन्त्रको स्थापनाको नारा दिई जनआन्दोलन-२ मा सरिक, यस पार्टीको दलित गरिब, किसान, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका वर्गहरुको हित गर्ने कार्यप्रति सदाशयता शून्य अथवा चुनावी नारा एवं सत्ता प्राप्तिमा मात्रै सीमित छ ।

ग) नेपाल कम्युनिष्ट पार्टी (माओवादी) :

मार्क्सवाद, लेनिनवाद, माओवाद र प्रचण्डपथलाई मार्गदर्शन र सिद्धान्तको रुपमा अवलम्बन गरी गरिब, किसान, पिछडिएको वर्ग, उपेक्षित, उत्पीडित, दलित, जनजाति/आदिवासीहरुको पार्टी भनी परिभाषा दिई, उल्लेखित वर्गका जनतालाई हिंसावादी धारमा होमी, बलिदानीको नाममा हजारौं जनताको ज्यान लिएको यस पार्टीमा नातावाद, कृपावाद, ब्राह्मणवाद र अति सैन्यवादी चिन्तन हावी छ । अतिसयोक्तिपूर्ण कल्पनावादी चिन्तनमा पारेर जनतालाई सपनाको संसारमा रणभूल पार्ने, झूठा आश्वासन दिई झुक्याउने, शक्तिशाली दल भएको दम्भका कारण सत्तामा पुग्दा र मिलिजुली सरकारमा समेत सामेल हुँदा निम्न वर्गका दलित, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका जनताहरुको समस्या समाधान र उनीहरुको नेतृत्व विकास एवम् राज्यसंयन्त्रमा समानुपातिक प्रतिनिधित्वसहितको हुनुपर्ने पहुँचप्रति सदाशयताका साथ उत्तरदायी अथवा सरिक नभएको कारणले केवल सत्ता र भत्तालाई मात्रै महत्व दिने यस पार्टीको प्रवृत्ति रहेको देखिन आएको छ । बोली र व्यवहारमा मतभिन्न भएको यस पार्टीको राष्ट्रका सम्पूर्ण दलित, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका वर्गलाई मोहरा, खास्सा गुलाम, बालीघरे कार्यकर्ता एवम् भोट बैंक र सत्तामा पुग्ने भर्‍याङ्गको रुपमा हेर्ने दृष्टिकोण रहेको स्पष्ट छ । तसर्थ, यस पार्टीले मोहरालाई जीवन्त रुप दिई हक-अधिकार सम्पन्न गराउन उत्तरदायी नभएको भन्न सकिन्छ । साथै दलित, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका वर्गका जनताहरु सचेत, संगठित, सुविधा सम्पन्न तथा शिक्षित भएको खण्डमा नेतृत्वको अस्तित्वमा समेत खतरा हुने भएकोले पिछडिएका वर्गलाई यथास्थितिमै कायम राख्ने नीति बोकेको यस पार्टीप्रति दलित, जनजाति, मुसलमान तथा पिछडिएका वर्ग लगायत राष्ट्र र राष्ट्रियताप्रति उत्तरदायी जनताहरुले वर्तमानमा विश्वास गर्न नसकेको अवस्था स्पष्ट छ ।

संविधानसभाको निर्वाचन गराई संघीय राज्य व्यवस्था, राज्यको पुनर्संरचना, समावेशी राज्यव्यवस्था र लोकतान्त्रिक गणतन्त्रको स्थापनाको नारा दिंदै, १० वर्षको हिंसालाई थाँति राखी जनआन्दोलन-२ मा सरिक, यस पार्टीको दलित गरिब, किसान, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका वर्गहरुको हित गर्ने कार्य सपनाको महल हुन पुगेको छ ।

घ) अन्य कम्युनिष्ट पार्टीहरु

अन्य साना-साना कम्युनिष्ट पार्टीहरुले मार्क्सवाद र लेनिनवादको सिद्धान्त तथा मार्गदर्शन अंगिकार गरे तापनि ब्राह्मणवाद र नेतृत्व गर्ने होडबाजी तथा सानातिना बुँदागत वैचारिक मतभिन्नताका कारण संकीर्णता, रुढिवाद लगायत विभाजन र एकताको संघार नाघ्न सकेका छैनन् । अस्पष्ट नीति बोकेका राष्ट्र, राष्ट्रियता तथा दलित, जनजाति, पिछडिएका वर्गलगायत निमुखा जनताहरुप्रति सदाशयता देखाउन अनुत्तरदायी यी पार्टीहरुप्रति दलित जनजाति तथा पिछडिएका वर्गका जनताहरुको विश्वास नभएको तथा यिनीहरुको राष्ट्रको सर्वाङ्गि विकासप्रति कुनै चासो नभएको स्पष्ट छ ।

ङ) राष्ट्रिय प्रजातन्त्र पार्टी तथा त्यसबाट फुटेका पार्टीहरु :

२०४६ को प्रजातन्त्रको आगमनपश्चात् स्थापित पूर्वपञ्चहरुको बाहुल्यता रहेको संसद्मा फिनो प्रतिनिधित्वका कारण पटक-पटक मिलिजुली सरकारमा सामेल भई सत्ता र भत्ताको स्वाद नछुटाउने अभिप्राय बोकको साथै नेतृत्व विवादमा फुट र जुटको खेल खेलिरही भिन्नाभिन्नै पार्टी गठन गर्न पुगेका, सामन्ती राजसंस्थाका हिमायती तथा जनताको हक-अधिकारप्रति अनुत्तरदायी र जनआन्दोलन-२ मा कानमा तेल हालेर बसेका, राज्यको पुनर्संरचना नचाहने यथास्थिति र पुरातनवादी सोच बोकेका, यी पार्टीलाई राष्ट्रको सर्वाङ्गिण विकास, दलित, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका वर्गका जनताहरुको हितमा सदाशयताका साथ काम गर्ने कुनै चासो नभएकोले यी पार्टीप्रति खासै पिछडिएका वर्गका जनताको विश्वास नभएको कारण भविष्य नभएका र जनताका मौलिक हक-अधिकारप्रति खेलाँची गर्ने प्रवृत्तिका कारण यी पार्टीहरु दलित, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका वर्गका जनताहरुको समस्या समाधान तथा उत्थानप्रति उत्तरदायी नभएको स्पष्ट छ ।

च) नेपाल सद्भावना पार्टी (दुवै) :

२०४६ सालको आन्दोलनपछि स्थापना भएको र सानो दल भएको कारण पटक-पटक मिलिजुली सरकारमा सामेल भए पनि भाषा र भेषलाई नै मूल एजेण्डा बनाई प्रादेशिक नारा बोकेको हुनाले, नेतृत्व विवादपछि फुट भई, एक अवसरवादी र अर्को जनआन्दोलन-२ मा सरिक भएपनि यथास्थितिवादी पार्टी बन्न पुगेकाले, यी पार्टीहरुको राष्ट्रियता तथा राष्ट्रको सर्वाङ्गिण विकास र राष्ट्रमा छरिएर रहेका दलित, जनजाति/आदिवासी, महिला, मुसलमान, तथा पिछडिएका वर्गका जनताको आर्थिक, सामाजिक र शैक्षिक समस्या तथा मानवअधिकार प्रयोजनको बारेमा ठोस नीति नभएको स्पष्ट छ ।

अत: यी सबै राजनैतिक पार्टीहरुको दलित, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका वर्ग गरिब, अपाङ्गप्रतिको नीति तथा कार्यक्रम तर्जुमा एवम् उनीहरुप्रति गरिने आश्वासनले लादिएको हेयको व्यवहार, चतुऱ्याईं गरी भुक्याउने रबैया आदिले गर्दा यी पार्टीहरुको उपेक्षित जनसमुदायप्रति कुनै उत्तरदायित्व नभएको स्पष्ट छ । आजको राष्ट्रिय राजनैतिक परिवेशलाई नियालेर हेर्ने हो भने प्रजातन्त्र वा लोकतन्त्रको वास्तविक उपयोग दलित, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका वर्गले गर्न पाएका छैनन्, न त मानवअधिकारको प्रयोजन नै । त्यसैले उनीहरु दोस्रो दर्जाको नागरिकको जीवनस्तर जिउन बाध्य छन् । अर्कोतिर कम्युष्टि बन्न ब्राह्मणकै छोरा भएर जन्मनुपर्ने स्थिति भएको हुँदा कुनै पनि दलित जनजाति, आदिवासी तथा पिछडिएका वर्गले आफूलाई कम्युनष्टि हुँ भनेर भन्न नसकिने अवस्था अहिलेका कम्युष्टि पार्टीहरुका रबैयाले देखाएको स्पष्ट छ । दलित, जनजाति/आदिवासी, पिछडिएको वर्ग एवम् सर्बहारा वर्गको नेतृत्व गर्ने नारा दिने कम्युनिष्ट पार्टीहरुमा ब्राह्मणवादकै बाहुल्यता छ ।

जनआन्दोलन-२ मा संसदको पुनर्स्थापनापछि संविधानसभामार्फत् संघिय शासनप्रणाली, समावेशी राज्यव्यवस्था, लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा राज्यको पुनर्संरचना गरी नयाँ नेपालको निर्माण गर्ने भनी जनतासमक्ष सार्वजनिक बाचा गर्ने यीनै मध्येका ८ पार्टीहरु तथा संसदमा प्रतिनिधित्व गर्ने अन्य पार्टीहरुसमेत आफ्नो प्रतिबद्धता पूरा गर्नबाट बिमुख भइरहेका छन् । बर्तमानमा अन्तरिम संविधान जारि भई, अन्तरिम सांसद र अन्तरिम सरकारको सरकारको समेत गठन भईसकेको छ । तर सत्तासिन दलहरु संविधानसभाको निर्वाचनमा जान हिच्किचाईरहेका छन् ।

६. दलित जनजाति पार्टीको दायीत्व :

जनआन्दोलन-२ मा उठेको जनभावनालाई आत्मसात गरी, संविधानसभाको निर्वाचनमार्फत् संघिय राज्यप्रणाली, स्वशासन, जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व र आरक्षणसहितको राज्यको पुनर्संरचना एवं लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने दलित जनजाति पार्टीको दायीत्व हुन आएको छ ।

७. अन्तर्राष्ट्रिय समुदायप्रतिको दृष्टिकोण :

संयुक्त राष्ट्रसंघद्वारा घोषणा गरिएको वडापत्रमा उल्लेखित जातिय विभेदको अन्त्य, रंगभेदको अन्त्य, लिङ्गभेदको अन्त्य तथा संयुक्त राष्ट्रसंघको विभिन्न मितिमा पारित भएका विभेदीकरणको अन्त्यप्रति अन्तर्राष्ट्रिय समुदायले देखाएको प्रतिबद्धता स्वागतयोग्य छ । जसमा नेपाल सरकारले समेत सबैखाले विभेदीकरणको अन्त्यको लागि देखाएको प्रतिबद्धता, नीतिगत रुपमा स्वागतयोग्य भए तापनि विशेष गरेर विकासोन्मुख देशहरुमा युगौंदेखि जकडिएको रुढिवादी संस्कृति र परम्परामा कुनै सुधार आएको देखिदैन ।

जातिय विभेद एवम् लैंगिक असमानताको अन्त्य र मानवअधिकारको सम्मानका साथै उपेक्षित, उत्पीडित कमजोर वर्गको उत्थानप्रति अन्तर्राष्ट्रिय समुदायबाट भएको सहयोग नीतिगत रुपमा समर्थनयोग्य देखिए तापनि अन्तर्राष्ट्रिय समुदायबाट भएको

आर्थिक लगायतका सहयोगले गर्दा, वास्तविक रुपमा कार्यान्वयन पक्षमा भएको इमान्दारिताको कमी र व्यवहारिक सक्षमताको अभावले गर्दा मानव-अधिकारको सम्मान र सबैखाले विभेदीकरणको उन्मुलनका साथै कमजोर वर्गको उत्थानमा अपेक्षित सुधार आएको देखिँदैन ।

७ : **राष्ट्रिय परिस्थिति :**

नेपाल अधिराज्यको अन्तरिम संविधान-२०६३ लागू भएपछि राष्ट्रको राजनैतिक परिस्थित अन्यौलग्रस्त छ । तसर्थ, मुलुकलाई सही निकास दिई अग्रगमनतर्फ उन्मुख गराउन दलित जनजाति पार्टीले निम्न नीति अबलम्बन गर्दै अहम भूमिका निर्वाह गर्नु परेको छ ।

८ : **आर्थिक नीति :**

पार्टीको आर्थिक नीति निम्नबमोजिम हुनेछ :

क) देशमा छरिएर रहेको पूँजीलाई एकत्रित गरी देशलाई औद्योगिकीकरण गरी देशमा वृहत् उद्योग धन्दाहरुको परिचालन गर्ने ।

ख) वैदेशिक ऋण कम गर्दै जाने ।

ग) वैदेशिक लगानीमा जोड दिने र उचित नियन्त्रण गर्ने ।

घ) आर्थिक व्यवस्था सुदृढ गर्न सही कर प्रणालीको अवलम्बन गर्ने ।

ङ) करदाताको मनोबल उच्च राख्ने ।

च) जुन क्षेत्रबाट बर उठाइएको छ, सोही क्षेत्रको संरक्षण र विकास गर्ने ।

छ) देशको आर्थिक विकास वृद्धि गर्न दलित, जनजाति, मुसलमान तथा पिछडिएका वर्गका जनताको आर्थिक समुन्नतिप्रति जोड दिने ।

ज) आयातित जनशक्तिमा नियन्त्रण गरी स्वदेशी प्राविधिक जनशक्तिलाई समुचित प्रशिक्षण तथा परिमार्जन गरी विदेशिने रकम नियन्त्रण गर्ने ।

झ) कमजोर तथा विपन्न वर्गका युवा जनशक्तिलाई उचित प्राविधिक प्रशिक्षणको व्यवस्था गरी वैदेशिक रोजगारी मार्फत् वैदेशिक मुद्राको आर्जन गर्ने

९ : **औद्योगिक नीति :**

क) मुलुकलाई औद्योगिकीकरण तर्फ उन्मुख गराउँदै ग्रामीण क्षेत्रको विकास गर्दै कृषिमाथि रहेको जनसंख्याको चापलाई कम गर्ने ।

ख) उचित स्थानमा औद्यागिक क्षेत्रको स्थापना गरी, लगानीमा प्रोत्साहित गर्ने ।

ग) निजी क्षेत्र र सहकारी क्षेत्रमा साना, मध्यम र ठूला खालका उद्योगहरुको स्थापना गर्ने र कमजोर वर्गका जनतालाई रोजगारीका अवसरहरु दिलाउने ।

घ) जलविद्युत उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

ङ) प्राकृति सम्पदा, वनस्पति र जडिबुटीमा आधारित उद्योग स्थापना गर्ने ।

च) देशमा रहेका परम्परागत जातिय पेशा, पूँजी, सीप र प्रविधिलाई विशेष प्राथमिकता दिई औद्योगिकीकरण उन्मुख कार्य गर्ने ।

छ) खनिज उद्योगको विकासमा स्वेदशी तथा विदेशी प्रविधिहरुमार्फत् कार्य गराई विकास गर्न प्राथमिकता दिने ।

ज) देशमा भएका उद्योगहरुलाई स्थायित्व दिने तथा नयाँ उद्योगहरुलाई प्रोत्साहित गरी मुलुकलाई औद्योगिकीकरणतर्फ उन्मुख गराउने र तिनको संचालन गर्न सही नीति, नियमको अवलम्बन र तर्जुमा गर्ने ।

झ) दलित, जनजाति, मुसलमान तथा पिछडिएको वर्गका जनताहरुको ज्ञान, सीप र पेशासँग अनुकुल घरेलु तथा कुटिर उद्योगको स्थापना र संचालन गर्न प्रोत्सान गर्ने ।

१० : **कृषि नीति :**

देशको परिस्थितिलाई मध्यनजर राख्दै कृषि नीति तय गरिनेछ ।

क) भूस्वामित्वको समस्या समाधान गर्ने ।

ख) कृषि प्रणालीमा आधुनिकीकरण गर्ने ।

ग) कृषि मजदूरको क्षमता तथा आयआर्जन वृद्धि गर्ने ।

घ) कृषि पेशामा आधारित सहकारी संस्थाहरु स्थापना एवम् संचालन गर्ने ।

ङ) कमैया र हलिया प्रथाको अन्त्य गरी उचित पारिश्रमिकको नीति-नियम तर्जुमा गर्ने ।

च) कृषि विकासको उचित पूर्वाधार तय गर्ने ।

छ) कृषि फर्म तथा चियाबगानको निम्ती उचित प्राथमिकता दिने ।

ज) दलित, जनजाति, मुसलमान तथा पिछडिएको वर्गका जनतालाई सस्तो ब्याजमा कृषि कर्जा उपलब्ध गराउने ।

झ) भूमिहिन पिछडिएका दलित वर्गको सुमुम्बासी समस्या व्यावहारिक रुपमा समाधान गर्ने ।

ञ) सिन्चाई आयोजना संचालन गर्ने, ट्युबवेल प्रणालीको विकास गर्ने ।

ट) कृषि वातावरणको संरक्षण, र भू-क्षय नियन्त्रण गर्ने ।

ठ) आधुनिक औजार, नयाँ प्रविधि, उन्नत बीउ, मलखाल आदिको व्यवस्था गरी उपलब्ध गराउने ।

ड) कृषि उत्पादनको लगानी र श्रममूल्य हरेक वर्ष किटान गर्ने ।

ढ) राज्यले कृषिसम्बन्धी वस्तुहरुको खरिद बिक्री गर्न व्यवस्था गर्ने ।

ण) उत्पादित वस्तुहरुको कोल्ड स्टोरेज गर्न व्यवस्था मिलाउन निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

त) कृषि कर्जा लिई दैवी प्रकोपमा परी नोक्सान भएर घरबासविहिन हुनेहरुको कर्जा माफ गर्ने ।

थ) दलित, जनजाति, मुसलमान तथा निम्न वर्गका जनताको जीवनस्तर उकास्न, कृषिमा आधारित परम्परागत पेशा, जस्तै: पशुपालन, माहुरीपालन, माछापालन आदिजस्ता घरेलु व्यवसायको विस्तारमा जोड दिने ।

११ : **सहकारीसम्बन्धी नीति :**

क) ग्रामीण क्षेत्रमा सहकारिताको माध्यमबाट बचत योजनालाई प्रोत्साहन दिई कार्य गर्ने ।

ख) सहकारी संस्थाहरुको प्रभावकारिता र विश्वासनियता बढाउने ।

ग) गाविसहरुलाई बचत कार्यक्रमको जिम्मेवारी दिई कार्य गराउने ।

घ) सहकारी संस्थाको लगानीमा बिमा व्यवस्था गर्ने/गराउने ।

ङ) निम्न आय भएका दलित, जनजाति, मुसलमान तथा पिछडिएका वर्गका जनताहरुको आर्थिक स्थिति सुधारको लागि ग्रामीण सहकारी नीति लागू गरी बिनाधितो कर्जा प्रदान गरी आयस्रोत बढाउन टेवा पुर्‍याउने ।

१२ : **पर्यटन नीति :**

क) पर्यटन विकासलाई प्रोत्साहन दिई सोहीअनुरुप कार्य गर्ने ।

ख) पर्यटन उद्योगलाई प्रोत्साहन गर्न जातिगत पेशामा आधारित परम्परागत हस्तकला, कुटीर उद्योगजस्ता व्यवसायमा सुधार तथा आधुनिकीकरणका साथै विस्तृतीकरण गरी सो क्षेत्रसँग सम्बद्ध व्यक्तिलाई प्रोसाहित गर्ने ।

ग) प्राकृतिक सम्पदाका पक्षमा पर्यटकहरुलाई आकर्ष गर्न हिमालय पर्वत श्रृंखलाहरुलाई पर्यटनको निम्ति आवश्यक थलो बर्ना अन्तर्राष्ट्रिय पर्यटन र सम्बन्धित संस्थाहरुसँग दीर्घकालीन सम्झौता गरी सुचारु रुपले संचालन गर्ने ।

घ) सांस्कृतिक विविधताको पक्षमा दलित, जनजाति तथा पिछडिएका वर्गका जनताहरु नै सांस्कृतिक सम्पदाका स्रष्टा भएकाले उनीहरुको संस्कृति, कला-कौशलमा वृद्धि-विकास गरी धेरैभन्दा धेरै पर्यटकहरुको आगमन गराई पर्यटन उद्योगको विकासमा टेवा पुर्‍याउने ।

ङ) विदेशी सरकार तथा संस्थानहरुसँग सुमधुर सम्बन्ध कायम गरी अत्यधिक मात्रामा पर्यटकहरु नेपालमा भित्र्याउने ।

च) पर्यटन प्रवर्द्धनको लागि अत्याधुनिक सूचना प्रणालीको स्थापना गर्ने ।

१३ : **रोजगारी नीति :**

क) देशमा विकराल रुपमा रहेको बेरोजगारबाट ग्रसित दलित, जनजाति, मुसलमान तथा पिछडिएको वर्गका रोजगारविहिन युवा जनशक्तिलाई रोगजारीको लागि समानुपातिक **आरक्षण**को व्यवस्था गरी रोजगारसम्पन्न बनाउने ।

ख) हरेक क्षेत्रमा आयमूलक रोजगारसम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।

ग) बेरोजगार दलित, जनजाति, मुसलमान तथा पिछडिएको वर्गका युवाहरुलाई उचित प्राविधिक ज्ञानको प्रशिक्षण दिलाई वैदेशिक रोजगारीको लागि उच्च प्राथमिकता दिने ।

१४ : **कला, संस्कृति र साहित्यसम्बन्धी नीति :**

क) स्वतन्त्र, कला, साहित्य, संस्कृति, चिन्तन र अभिव्यक्ति तथा जातिय एवम् राष्ट्रिय संस्कृतिको विकास गरी प्रत्येक नागरिकको मानविय गरिमा तथा मौलिक अधिकारको संरक्षण र विकास गर्ने ।

ख) सम्पूर्ण दलित, जनजाति/आदिवासी, मुसलमान तथा पिछडिएका वर्गको धर्म, भाषा र संस्कृतिको विकास गर्ने ।

ग) साहित्य, कला, संस्कृतिको स्वतन्त्र र स्वायत्त प्रतिष्ठान खडा गर्ने ।

घ) दलित, जनजाति, मुसलमान एवम् पिछडिएका वर्गका जनताहरुको छवि उच्च पार्न तथा समाजमा उच्च प्रतिष्ठा कायम राख्न नविन कृति एवम् कला, संस्कृतिको विकास गरी सार्वजनिक गर्ने ।

ङ) स्वदेशी साहित्य तथा चलचित्रलाई बिक्री-वितरण एवम् प्रदर्शन गर्न प्राथमिकता दिने, जसमा दलित, जनजाति तथा पिछडिएका वर्गको जनजीवनमा आधारित भएको विषय-वस्तुलाई विशेष प्राथमिकता दिने ।

च) देशमा रहेका कला, संस्कृति एवम् साहित्यको जगेर्ना गर्न अन्य यस्तै विविध कार्यक्रमहरु गर्ने/गराउने ।

१५ : **पिछडिएको दलित जनजाति तथा आदिवासीसम्बन्धी नीति :**

बहुजाति, बहुभाषी, बहुधर्मीहरु भएको यस देशमा सबै जातजाति, भाषाभाषीको धर्म, भाषा र संस्कृतिको संरक्षण एवम् जगेर्ना गर्नु राज्यको कर्तव्य हो । राज्यबाट समय-समयमा दलित र जनजातिसम्बन्धी ऐन कानूनको व्यवस्था भए तापनि कार्यान्वयन गराउने पक्षमा कमजोरी देखिएको छ । सबै दलित, जनजातिको संरक्षण र विकासको लागि **दलित जनजाति पार्टी**को नीति निम्नबमोजिम हुनेछ ।

क) हरेक व्यक्तिलाई स्वेच्छाले कुनै पनि धर्मप्रति आस्था राख्न स्वतन्त्रता दिने ।

ख) दलित, जनजाति, मुसलमानहरुलाई सामाजिक, आर्थिक, प्रशासनिक, राजनैतिक, कुटनैतिक, तथा प्राज्ञिक क्षेत्रमा समानुपातिक अवसर दिलाउनुका साथै सोको लागि दलित जनजाति प्रतिष्ठान, मन्त्रालय, विश्वविद्यालयको स्थापना गर्ने

ग) मुलुकको नीति-निर्माण गर्ने महत्वपूर्ण अंगहरुमा पिछडिएका दलित, जनजाति/आदिवासी, महिला तथा मुसलमानको प्रतिनिधित्व गराउन आरक्षणको व्यवस्था गर्ने ।

घ) सबै दलित, जनजाति/आदिवासी एवम् मुसलमानहरुलाई राष्ट्रिय एकताको सुत्रमा आबद्ध गर्ने ।

ङ) दलित जातिविरुद्धको छुवाछुतलगायतका सम्पूर्ण भेदभावको अन्त्य गर्ने, दण्डनीय कानूनको निर्माण तथा सशक्त कार्यान्वयनको व्यवस्था गर्ने ।

च) विशेष गरी विभिन्न उत्पीडित दलित, जनजाति/आदिवासी, मुसलमानहरुलाई पार्टीका विभिन्न संगठनहरुमा अनिवार्य रुपमा प्रतिनिधित्व गराउने ।

१६ : **स्वास्थ्यसम्बन्धी नीति :**

क) स्वास्थ्य नीतिअन्तर्गत आधुनिक चिकित्सा पद्धति, एलोपेथी, आयुर्वेदको साथसाथै परम्परागत चिकित्सा पद्धति, योग प्राकृतिक चिकित्सा, जडिबुटी चिकित्साको संरक्षण, सम्बर्द्धन र विकास समान रुपले गर्ने ।

ख) नेपाली जनताको आफ्नो स्वास्थ्यप्रति सचेत गराई सकेसम्म रोग लाग्नै नदिन परम्परागत चिकित्सा पद्धति, योग, प्राकृतिक चिकित्सा र जडिबुटिको प्रयोग गर्नेतर्फ आकर्षित गराउने ।

ग) रोगहरु लागेमा रासायनिक औषधिहरुको भन्दा प्राकृतिक उपचार पद्धतिलाई प्राथमिकता दिन व्यवस्था गर्ने ।

घ) प्राकृतिक चिकित्सा पद्धतिबाट उपचार हुन नसक्ने रोग वा दुर्घटनाको आधुनिक उपचार साधनसम्पन्न एलोपेथिक पद्धतिबाट उपचार गर्न सक्ने गरी सबै जिल्लाहरुमा अस्पतालको व्यवस्था गर्ने ।

ङ) विपन्न दलित, जनजातिहरुको वर्चस्व भएका देशका हरेक गाविसहरुमा नि:शुल्क प्राथमिक स्वास्थ्य सेवाको विस्तार गर्ने

च) स्वास्थ्यकर्मीहरुको आवश्यकतालाई दृष्टिगत गरी समुचित स्वास्थ्य जनशक्तिको विकास तथा परिचालन विशेष प्रवर्द्धन गर्ने ।

१७ : परराष्ट्र नीति :

विश्व परिवेशलाई मध्यनजर राख्दै नेपालको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रताको रक्षाको लागि विश्वका हरेक देशसँग नेपालको सम्मान बढाउने दिशामा क्रियाशिल रहनुपर्ने अनिवार्यता रहेको वर्तमान अवस्थामा संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, दक्षिण एसियाली क्षेत्रिय सहयोग संगठनलाई प्रभावकारी बनाउने, अन्तर्राष्ट्रिय कानूनको माध्यमद्वारा नेपालको सम्बन्ध अन्तर्राष्ट्रिय जगत्सम्म पुऱ्याउने पार्टीको कर्तव्य हुन आएको छ ।

कुनै पनि राष्ट्रिय समस्याको समाधान शान्तिपूर्ण वातावरणमा वार्ताको माध्यमद्वारा उल्लेखित भावनाअनुरुप समाधान गर्न सदाशयताका साथ प्रयत्न गरिने छ । यही नै दलित जनजाति पार्टीको आधारभूत परराष्ट्र नीति हो ।

१८ : शिक्षा नीति :

क) प्राज्ञिक :

१. प्राज्ञिक पाठ्य पुस्तकहरुमा दलित, जनजाति, मुसलमान तथा पिछडिएका वर्गका जनतालाई समुचित सम्मान दिनुको साथै उनीहरुको अध्ययन/अध्यापनमा हार्दिक उत्सर्गता अपनाउन जोड दिने वातावरण बनाउने ।

२. नैतिक शिक्षाको समुचित प्रयोजन लागू गराई समाजमा विद्यमान सामाजिक भेदभावको अन्त्य गर्न जोड दिई भाइचाराको भावना अभिवृद्धि गराउने ।

३. लोप हुन लागेको दलित जनजाति/आदिवासीको मातृभाषालाई लिपिबद्ध गरी प्राथमिक शिक्षा प्रदान गर्ने ।

४. मुसलमानहरुका लागि मदरसाको स्थापना गरी उर्दू भाषामार्फत् प्राथमिक शिक्षा हासिल गर्ने व्यवस्था गर्ने ।

ख) प्राविधिक :

१. वर्तमान विश्वमा विकास भएको विज्ञान प्रविधिको आधारबाट संचालित हुने शिक्षा नीति अंगिकार गर्ने, साथै परम्परागत प्रविधिलाई आधुनिकीकरण गर्नतर्फ उन्मुख गराउने ।

२. राज्यलाई चाहिने प्राविधिक जनशक्ति तयार गर्न प्राविधिक शिक्षालाई जोड दिने र दलित, जनजातिका परम्परागत जातिय पेशलाई सम्मानित प्राविधिक शिक्षामा समायोजन गर्ने ।

३. व्यवसायिक शिक्षाको व्यवस्था गरी शैक्षिक बेरोजगारको अन्त्य गर्ने ।